फोन नं.: ०६७-४३०१०२, १०३, १०४

फलेवास नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

खानीगाउँ, पर्वत

गण्डकी प्रदेश, नेपाल

प.सं.: ०८२/

चलानी नं.

विषयः विषय विज्ञ सूचीमा सूचिकृत हुन निवेदन पेश गर्ने सम्बन्धी सूचना ।

(प्रकाशित मितिः २०८२/०४/२८)

फलेवास नगरपालिका अन्तर्गत सञ्चालित विभिन्न सामुदायिक विद्यालयहरुमा करार शिक्षक/ कर्मचारी नियुक्तिका लागि सिफारिस गर्न सञ्चालन हुने विभिन्न तहका प्रतियोगितात्मक परीक्षाको प्रश्नपत्र निर्माण, परिमार्जन तथा उत्तरपुस्तिका परीक्षण गर्न फलेवास नगर कार्यपालिका शिक्षा नियमावली २०७५ को नियम ५७ (५) बमोजिमको सदस्य प्रयोजनका लागि विषय विज्ञको सूची अद्यावधिक गर्नुपर्ने भएकोले तपसिल बमोजिमको योग्यता पुगेका फलेवास नगरपालिका भित्रका सामुदायिक विद्यालयमा कार्यरत स्थायी शिक्षकहरुले पत्रको मितिले सात दिनभित्र यस कार्यालयको शिक्षा, युवा तथा खेलकुद शाखामा देहायका प्रमाणित कागजातहरु सहित आफुले विज्ञ सूचीमा सुचिकृत हुन चाहेको तह/विषयको सामान्य र विषयगत परीक्षाको नमुना प्रश्नपत्रको हार्डकपि र ई-कपि सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

क) आधारभूत तहका लागि

- निवेदन पत्र
- स्थायी नियुक्ति पत्रको प्रतिलिपि
- स्थायी नियुक्ति भएको कम्तीमा ५ वर्ष पूरा भएको
- आवेदन दिन चाहेको तह र विषय
- शिक्षाशास्त्रमा स्नातक तह उत्तीर्ण
- नेपाली नागरिकता र शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपिहरु ।

ख) माध्यमिक तहका लागि

- निवेदन पत्र
- स्थायी नियुक्ति पत्र
- स्थायी नियुक्ति भएको कम्तीमा ५ वर्ष पूरा भएको
- आवेदन दिन चाहेको तह/ विषय
- शिक्षाशास्त्रमा स्नातकोत्तर तह उत्तीर्ण
- नेपाली नागरिकता र शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपिहरु ।

२०८२/४/२८

कृष्ण प्रसाद आचार्य
प्रमुख प्रशासकीय अधिकृत